खण्डः ४ संख्याः ३ प्रमाणिकरण मितिः २०८१/०३/१९

पचालझरना गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ३ प्रमाणित मितिः२०८१/०३/१९

भाग-१

पचालझरना गाउँपालिका

## स्थानीय युवा परिषद् ऐन२०८० ,

# स्थानीय युवा परिषद् ऐन, २०८०

**प्रस्तावनाः**

युवाहरुको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तिकरणका साथै शिक्षा, सीप उद्यमशीलता र रोजगारीलाई प्रवर्धन गर्दै स्थानीय स्रोत र साधनको अधिकतम उपयोगबाट समुन्नत स्थानीय तह निर्माणका लागि युवा सम्बन्धी नीति निर्माणदेखि कार्यान्वयन तहसम्म उनिहरुको सार्थक सहभागिता वृद्धि गरि विकासमा मूलप्रवाहिकरण गर्न वाञ्छनिय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २० को अधिकार प्रयोग गरी पचालझरना गाउँपालिकाको छैठौं गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "स्थानीय युवा परिषद् ऐन, २०८० रहेको छ।

(२) यो ऐन प्रमाणिकरण भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२.परिभाषाः** विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले स्थानीय युवा परिषद्को अध्यक्ष सम्झनुपर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनुपर्छ।

(ग) "तोकिएको" वा "तोकिए मबोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको ऐनमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(घ) "परिषद्" भन्नाले यस ऐनको दफा (३) बमोजिम स्थापना भएको स्थानीय तहको गाउँ युवा परिषद् सम्झनुपर्छ।

(ङ) "युवा" भन्नाले राष्ट्रिय युवा परिषद् ऐनले परिभाषित गरे बमोजिमका व्यक्ति सम्झनु पर्छ।

(च) "विशेष समुदायको युवा" भन्नाले द्धन्द पीडित, जोखिममा परेका, दलित, दुर्गम तथा गरिविको रेखामुनि रहेका, अपाङ्गता भएका वा सिमान्तकृत अल्पसंख्यक समुदायका युवा सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले स्थानीय युवा परिषद्को सदस्य सम्झनुपर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ।

(ज) "क्लव" भन्नाले यस ऐन वा यस ऐन अनुसार बन्ने नियम बमोजिम गठन हुने स्थानीय तहको हरेक वडामा गठन हुने १६ देखि २४ वर्ष उमेर समुहका युवाहरु सम्मिलित युवाक्लवलाई जनाउँछ।

(झ) यो ऐन पचालझरना गाउँपालिकाको क्षेत्राधिकारभित्र लागू हुनेछ।

## परिच्छेद-२

## स्थानीय युवा परिषद्को गठन, काम, कर्तव्य र अधिकार

**३.परिषद्को गठनः** (१) स्थानीय युवा परिषद्को गठन देहायबमोजिम हुनेछ।

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) स्थानीय सरकारले मनोनयन गरेको युवा - उपाध्यक्ष

(ग) युवा विकासकको योगदान गरेका मध्ये परिषद्ले मनोनित गरेको १ महिलासमेत २ जना - सदस्य

(घ) युवा क्लवका अध्यक्षहरु मध्येबाट परिषद्ले मनोनित गरेको १ जना महिला समेत २ जना - सदस्य

(ङ) स्थानीय शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य-सचिव

(२) मनोनित सदस्यहरुको पदावधि चार बर्षको हुनेछ।

(३) यस ऐनको दफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पुरा नगरेमा स्थानीय सरकारले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम मनोनित सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(५) ऐनको दफा (३) को उपदफा (१) खण्ड (ख) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह उत्तिर्ण भएको वा कक्षा १२ उत्तिर्ण गरेको तथा युवाको हक, हितको संरक्षण, सम्वर्द्धन वा युवा र परिचालनको क्षेत्रमा कम्तिमा ३ वर्ष काम गरेका प्रतिष्ठित युवा मध्येबाट उपाध्यक्षको पदमा नियुक्त गर्नुपर्नेछ।

**४.परिषद्को काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) युवासम्बन्धी दीर्घकालिन नीति तर्जुमा गरी स्थानीय सरकार समक्ष सिफारिस गर्ने,

(ख) स्थानीय सरकारबाट स्वीकृत नीतिको अधिनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(ग) परिषद्सँग आवद्धता प्राप्त गर्ने संघ, संस्थाहरुले पालना गर्नुपर्ने सर्तहरु निर्धारण गर्ने,

(घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवाको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ङ) युवालाई स्थानीय तह तथा राष्ट्र निर्माणमा सहभागी हुन उत्प्रेरित गर्ने,

(च) परिषद्को बार्षिक योजना कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(छ) युवा विकास, सशक्तिकरण एवं मूलप्रवाहिकरण सम्बन्धी विषयमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई सुझाव दिने,

(ज) स्थानीय स्तरमा युवा जागरण, सशक्तिकरण र परिचालन गर्ने,

(झ) स्थानीय स्तरमा युवा सीप, उद्यमशीलता तथा नेतृत्व विकास गर्ने,

(ञ) युवाका क्षेत्रमा काम गर्न राष्ट्रिय युवा परिषद् र प्रदेश युवा परिषद्सँग समन्वय र सहकार्य गर्ने,

(ट) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

**५.परिषद्को बैठक र निर्णयः** (१) परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) परिषद्को बैठक गाउँपालिका प्रमुखको निर्देशनमा उपाध्यक्षले तोकेकको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्को बैठक हुनुभन्दा कम्तिमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्का सदस्य-सचिवले सदस्यहरुलाई दिनेछ।

(४) परिषदमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा सह-सदस्यले गर्नेछ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ तर मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(७) परिषद्को बैठकको निर्णय अध्यक्षले प्रमाणित गरी राखेछ।

(८) कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषद्को बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(९) परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-३

## युवाक्लव गठन तथा काम, कर्तव्य र अधिकार

**६.युवाक्लवको गठनः** (१) स्थानीय तहको प्रत्येक वडामा सम्बन्धित वडाध्यक्षको संरक्षकत्वमा युवाक्लव गठन हुनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने युवाक्लवमा सम्बन्धित वडाभित्रका राष्ट्रिय युवा परिषद् ऐनले तोकेको युवा उमेर समुहका सम्पूर्ण युवाहरु युवाक्लवको साधारण सदस्य हुन सक्नेछन्।

(३) वडामा गठन हुने वडास्तरीय युवाक्लव नौ सदस्यीय कार्यसमिति रहनेछ।

(४) युवाक्लवका सदस्यहरुले कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष आफुहरुमध्येबाट छनौट गर्नेछन्।उक्त कार्यसमितमा कुल सदस्य संख्यामा कम्तिमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्नेछ।

(५) युवाक्लवका सदस्य चयन गर्नका लागि वडा समितिले यस सम्बन्धी थप कार्यविधि निर्माण गरी लागू गर्न सक्नेछ।

(६) युवाक्लवका पदाधिकारीहरुको पदावधि गठन भएको मितिले दुई बर्षको हुनेछ।

(७) वडास्तरीय युवाक्लवको सचिवालय सम्बन्धित वडष परिषद्को कार्यालयमा हुनेछ।

(८) प्रत्येक टोलमा पचास जना युवासम्मको टोल युवाक्लव गठन गर्न सकिनेछ। टोल युवा क्लवका युवाहरुबाट वडास्तरीय युवाक्लव गठन हुनेछ।

(९) युवाक्लव गठन पश्चात स्थानीय युवा परिषद्को कार्यालयमा दर्ता गराउनको लागि अनुसूची (४) बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(१०) वडास्तरमा गठित युवाक्लव दर्ताको निवेदन पर्न आएमा जाँचबुझ गरि तोकिएका शर्तहरु पालन गरेको पाइएमा स्थानीय युवा परिषद्को कार्यालयले अनुसूची (५) बमोजिमको ढाँचामा प्रमाण-पत्र प्रदान गर्नेछ।तर दर्ता भएको क्लवले तोकिएको काम कारबाही र जिम्मेवारी प्रचलित कानुन बमोजिम पुरा नगरेमा परिषद्ले प्रदान गरेको प्रमाणपत्र जुनसूकै बखत रद्द गर्न सक्नेछ।

**७.युवाक्लवको काम, कर्तव्य र अधिकारः** (१) वडा युवाक्लवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) युवाको नेतृत्व विकास र परिचालनमा सहजिकरण गर्ने,

(ख) स्थानीय तहसँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निमाण गर्ने,

(ग) स्थानीय तहमा सञ्चालन हुने सरसफाई, वातावरण संरक्षण, बाल अधिकार, मानव अधिकार, महिला अधिकार, शैक्षिक कार्यक्रम, लागु औषधविरुद्धका अभियान, सामाजिक अन्धविश्वास र कुरिति विरुद्धका सचेतना अभियानहरुमा सक्रियतापूर्वक सहभागी हुने तथा कार्यक्रम सञ्चालन गर्ने,

(घ) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपद्का बेला विपद् पूर्व-तयारी तथा राहत र उद्धार कार्यमा वडा कार्यालय, गाउँपालिका तथा नगरपालिकासँगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने।

(ङ) राष्ट्रिय युवा परिषद् र माताहतका निकायहरुमार्फत् स्थानीय स्तरमा सञ्चालन हुने युवालक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने,

(च) दिगो विकासका लक्ष्यहरुलाई आ-आफ्नो क्षेत्रमा स्थानीयकरण गरि कार्यान्वयन गर्दा युवाको सार्थक सहभागिताका साथ नेतृत्वदायी भुमिका खेल्ने।

(छ) प्रत्येक युवाक्लवले युवाको सहभागितामा वडा कार्यालयको समन्वय र सहकार्यमा कम्तिमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने।

(ज) राष्ट्रिय युवा परिषद् वा प्रदेश युवा परिषद् र स्थानीय तहबीच समन्वय र सहकार्य गरी युवालक्षित कार्यक्रमहरु सञ्चालन गर्ने,

(झ) सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयन तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्याउने,

(ञ) वडास्तरमा युवा तथ्याङ्क व्यवस्थापन गर्ने,

## परिच्छेद-४

## परिषद्सँग आवद्धता र कार्यक्रम सञ्चालन

**८.युवा सम्बन्धी संघ, संस्थालाई आवद्धता प्रदान गर्नेः** (१) युवाको हक, हितको संरक्षण र विकास गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका स्थानीय तहको क्षेत्रभित्र काम गर्न चाहने संघ संस्था परिषदमा आबद्ध हुनुपर्नेछ। तर, राष्ट्रिय युवा परिषद् वा प्रदेश युवा परिषदमा आबद्ध भइसकेका संघसंस्थाको हकमा यो उपदफा लागू हुनेछैन।

(२) आवद्धताका लागि तपशिल बमोजिमको विवरण परिषद्समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन दिंदा सम्बन्धित संघसंस्थाको विधान समेत संलग्न गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिम प्राप्त निवेदन दिने संस्थालाई आवद्धता प्रदान गर्न उपयुक्त देखिएमा परिषद्ले तोके बमोजिमको दस्तुर लिई अनुसूची २ बमोजिमको ढाँचामा आवद्धता भएको प्रमाण-पत्र प्रदान गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम आबद्ध भएका संघ संस्थाहरुले प्रत्येक पाँच बर्षमा परिषद्ले तोके बमोजिमको दस्तुर बुझाई नविकरण गर्नुपर्नेछ।

(६) उपदफा (४) बमोजिम परिषद्सँग आबद्ध भएका संघ संस्थाहरुबाट कार्यान्वयन भएका कार्यक्रमहरुको बार्षिक प्रगति प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको तीन महिनाभित्र परिषद्समक्ष पेश गर्नुपर्नेछ।

(७) प्रचलित कानून विपरित कार्य गरेको पाइएमा, आवद्धता नविकरण नगरेमा, लगातार दुई आर्थिक बर्षसम्म प्रतिवेदन नबुझाएमा, उद्देश्य बमोजिम कार्य नगरेमा संघ संस्थाको आवद्धता नविकरण तथा आवद्धता रद्द गर्न सकिने छ।

(८) परिषदमा आबद्ध संघसंस्थाले युवा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न कुनै प्रकारको सहायता लिँदा वा दिँदा परिषद्को पूर्व स्वीकृती लिनुपर्नेछ।

## परिच्छेद-५

## सचिवालय तथा लेखा व्यवस्थापन

**९.परिषद्को सचिवालयः** (१) पचालझरना गाउँपालिका अन्तर्गत रहेको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखले परिषद्को सचिवालयको काम गर्नेछ।

**१०. लेखा र लेखापरीक्षणः** (१) परिषद्ले आफ्नो आय व्ययको लेखा र लेखापरीक्षण स्थानीय सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नुपर्नेछ।

## परिच्छेद-६

## विविध

**११. भाग लिन नहुनेः** (१) परिषद्को कुनै सदस्य वा पदाधिकारीले परिषद्को ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन पाउने छैन।

<u>१२.कार्यदल गठन गर्न सक्नेः</u> (१) परिषद्‌ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम आफुले गर्नुपर्ने कुनै कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित कार्यदलको काम, कर्तव्य र अधिकार तथा कार्यविधि सो कार्यदल गठन गर्दाका बखत परिषद्‌ले तोकेबमोजिम हुनेछ।

<u>१३.सेवा सुविधा तथा बैठक भत्ताः</u> (१) परिषद्‌का उपाध्यक्षको पारिश्रमिक सेवा सुविधाको हकमा पचालझरना गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम पारिश्रमिक सेवा सुविधा हुनेछ।

(२) परिषद्‌का अध्यक्ष, उपाध्यक्ष र सदस्यले बैठकमा भाग लिए वापत स्थानीय सरकारको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन बमोजिम सेवा सुविधा तथा बैठक भत्ता पाउने छन्।

<u>१४.बार्षिक प्रतिवेदनः</u> (१) परिषदबाट कार्यान्वयन भएका कार्यक्रमहरुको बार्षिक प्रगति प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको एक महिना भित्र पचालझरना गाउँ कार्यपालिका र जिल्ला युवा समन्वय इकाइ समक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त युवाको क्षेत्रमा देखिएका मुद्दा, समस्या र चुनौती तथा सोको समाधानका उपायसमेतको विवरण उल्लेख गर्नुपर्नेछ।

(३) परिषद्‌ले आफुलाई प्राप्त स्रोत साधन, सम्पादन गरेका कार्य र तिनको उपलब्धी एवं गरेको अन्य काम कारवाहीको विवरण सर्वसाधारणको जानकारीको लागि प्रत्येक बर्ष प्रकाशन गर्नुपर्नेछ।

<u>१५.निर्देशन दिनसक्नेः</u> (१) पचालझरना गाउँपालिका र जिल्ला युवा समन्वय इकाइले परिषद्‌को काम कारवाही तथा सुधारको विषयमा आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (२) बमोजिम दिइएको निर्देशन, समन्वय र सहजिकरणको पालना गर्नु परिषद्‌को कर्तव्य हुनेछ।

<u>१६.अधिकार प्रत्यायोजनः</u> (१) परिषद्‌ले यो ऐन बमोजिम आफुलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्‌का अध्यक्ष, उपाध्यक्ष, कुनै सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

**<u>१७.सपथ ग्रहणः</u>** (१) परिषद्का पदेन सदस्य बाहेकका अन्य सदस्यहरुले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-३ बमोजिमको सपथ ग्रहण गर्नुपर्नेछ।

**<u>१८.सहयोग गर्नुपर्नेः</u>** परिषद्को काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

**<u>१९.परिषद्को विघटनः</u>** (१) परिषद्ले यस ऐनको उद्देश्य बमोजिम काम गर्न नसकेमा पचालझरना गाउँपालिकाले जुनसुकै बखत परिषद् विघटन गर्न सक्नेछ।

**<u>२०.सम्पर्क राख्नेः</u>** (१) परिषद्ले नेपाल सरकार र प्रदेश सरकारसँग सम्पर्क राख्दा पचालझरना गाउँपालिका मार्फत् राख्नुपर्नेछ।

**<u>२१.विनियम बनाउने अधिकारः</u>** (१) यो ऐनको अधिनमा रहि परिषद्ले आवश्यक विनियम, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अर्थिक व्ययभार पर्ने विषयमा विनियम बनाउँदा परिषद्ले पचालझरना गाउँ कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ।

## अनुसूची-१

**संस्थाहरुको आवद्धताका लागि दिइने निवेदनको ढाँचा ऐनको परिच्छेद-४, दफा ८ को उपदफा (२) सँग सम्बन्धित**

श्री....................................ज्यू,

मितिः.......................... स्थानीय युवा परिषद्

पचालझरना गाउँपालिका,

पडेक्षा, कालीकोट।

विषयः आबद्ध हुन पाऊँ।

स्थानीय युवापरिषद् ऐन २०८० को परिच्छेद-४, दफा ८ को उपदफा (२) बमोजिम परिषद्सँग आवद्ध हुन चाहेकाले देहायको विवरण खुलाई तथा कागजात संलग्न गरी आवद्धताका लागि यो निवेदन पेश गरेको छु। परिषद्सँग आवद्धता भए वापत पालन गर्नुपर्ने सर्तको पालना गर्न मञ्जुर छु।

१.संस्थाको नामः...................................................

२.संस्थाको ठेगानाः (क) गाउँपालिकाः...........................(ख) जिल्लाः.....................(ग) प्रदेश...................

(घ) फोन नं...............................(ङ) फ्याक्स नं.......................(च) इमेलः.........................................

(ज) वेभसाइटः............................................

३.संस्थाको उद्देश्यः

(क)

(ख)

४.संस्थाको नविकरण बहाल रहने अवधिः

५.संस्थाका पदाधिकारीहरुको नाम ठेगानाः

(क)...................................................................(ख)...............................................
................

(ग)...................................................................(घ)...............................................
................

(ङ)...................................................................(च)...............................................
................

६.संलग्न कागजातहरुः

(क) संस्था दर्ताको प्रमाणपत्रः (ख) निवेदक संस्थाको विधानको प्रतिलिपीः

(ग) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनः

(घ) संस्थाको तर्फबाट आबद्धताको लागि निवेदन दिने व्यक्तिलाई सो गर्न अधिकार दिएको निर्णयको प्रतिलिपीः

**संस्थाको छापः**

निवेदककोः-
नाम थरः..................................
पदः.........................................
दस्तखतः.................................

अनुसूची-२

**संस्थाहरुको आबद्धताका लागि दिइने आवद्धता प्रमाण-पत्रको ढाँचा ऐनको परिच्छेद-४, दफा ८ को उपदफा (४) सँग सम्बन्धित**

परिषद्सँग आवद्धताको प्रमाणपत्रको ढाँचा

स्थानीय सरकारको निशान छाप सहितको लोगो

**स्थानीय सरकार**
**पचालझरना गाउँ कार्यपालिकाको कार्यलय**
# स्थानीय युवा परिषद्
**पडेक्षा, कालीकोट**

स्थानीय युवा परिषद्को लोगो

# प्रमाण-पत्र

परिषद्सँग आवद्ध हुन पाउँ भनि..................................................................(संस्थाको नाम र ठेगाना) ले मिति ...........................मा दिएको निवेदन उपर कारवाही हुँदा परिषद्को मिति .............................. को निर्णायानुसार त्यस संघ वा संस्थालाई स्थानीय युवा परिषद् ऐन २०८०, को परिच्छेद-४, दफा ८ को उपदफा (४) बमोजिम परिषद्सँग आवद्ध गरि यो प्रमाण-पत्र प्रदान गरिएको छ।

१.आवद्धता नम्बरः...........

२.आवद्धता कायम रहने अवधिः यो आवद्धताको नविकरण गराएको अवस्थामा बाहेक मिति...........................

सम्म कायम रहने छ।

**प्रमाण-पत्र प्रदान गर्ने अधिकारीको:**

नाम थरः..............................

पदः....................................

मितिः..................................

दस्तखतः..............................

परिषद्को छापः

**संस्थाहरुको आबद्धताका लागि दिइने आवद्धता प्रमाण-पत्रको ढाँचा ऐनको परिच्छेद-४, दफा ८ को उपदफा (४) सँग सम्बन्धित**

परिषद्सँग आवद्धताको प्रमाण-पत्रको पछडीपट्टि नविकरण सम्बन्धी विवरण

| क्र.सं. | नविकरण गर्ने कर्मचारीको नामथर | दर्जा | दस्तखत | प्रमाण-पत्र प्रदान गरिएको मिति | अवधि |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

संस्थाको छापः

युवा परिषद्को छापः

अनुसूची-३

(ऐनको परिच्छेद-६, दफा १७ सँग सम्बन्धित)

स्थानीय सरकार

पचालझरना गाउँकार्यपालिकाको कार्यालय

स्थानीय युवा परिषद्

पडेक्षा, कालीकोट

**पद तथा गोपनियताको सपथ,**

म.........................................................(सपथ लिने व्यक्तिको नाम) मुलुक र जनताप्रति पूर्ण बफादार रहि सत्य निष्ठापूर्वक प्रतिज्ञा सहित ईश्वर/देश र जनताका नाममा सपथ लिन्छु कि पचालझरना गाउँपालिका स्थानीय युवा परिषद्को..............................पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझेसम्म आफ्नो कर्तव्य सम्झि देश तथा परिषद्प्रति बफादार रही, भय, पक्षपात वा द्वेष नराखि, लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधीनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको शिलशिलामा आफुलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानुनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन।

सपथ ग्रहण गर्नेकोः

नामः.....................................

पदः.....................................

मितिः...................................

दस्तखतः...............................

संस्थाः.................................

सपथ ग्रहण गरेको प्रमाणित गराउनेकोः

नामः........................................

पदः........................................

मितिः......................................

दस्तखतः.................................

कार्यालयः................................

परिषद्को छापः

## अनुसूची-४

**युवाक्लव दर्ता गर्नका लागि दिइने निवेदनको ढाँचा ऐनको परिच्छेद-३, दफा ६ को उपदफा (९) सँग सम्बन्धित**

**श्री**....................................ज्यू,

मितिः..........................

स्थानीय युवा परिषद्को कार्यालय,

पचालझरना गाउँपालिका,

पडेक्षा, कालीकोट।

विषयः युवा क्लव दर्ता गराइ पाऊँ।

स्थानीय युवापरिषद् ऐन २०८० को परिच्छेद-३, दफा ६ को उपदफा (९) बमोजिम स्थानीय युवा परिषद्को कार्यालयमा दर्ता गर्न चाहेकाले देहायको विवरण खुलाई तथा कागजात संलग्न गरी दर्ताका

लागि यो निवेदन पेश गरेको छु। परिषदमा दर्ता भए पश्चात पालन गर्नुपर्ने सर्तको पालना गर्न मञ्जुर छु।

१.युवा क्लवको नामः..................................................

२.क्लवको ठेगानाः (क) गाउँपालिकाः...........................(ख) जिल्लाः.....................(ग) प्रदेश...................

(घ) फोन नं...............................(ङ) फ्याक्स नं.......................(च) इमेलः.........................................

(ज) वेभसाइटः.............................................

३.क्लवको उद्देश्यः

(क)

(ख)

४.क्लव नविकरण बहाल रहने अवधिः

५.क्लवका पदाधिकारीहरुको नाम ठेगानाः

(क)....................................................................(ख)...............................................................

(ग).....................................................................(घ)...............................................................

(ङ).....................................................................(च)...............................................................

६.संलग्न कागजातहरुः

(क) वडास्तरमा दर्ताको प्रमाणपत्र (ख) निवेदक क्लवको विधानको प्रतिलिपी

(ग) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन

(घ) क्लवको तर्फबाट दर्ताका लागि निवेदन दिने व्यक्तिलाई सो गर्न अधिकार दिएको निर्णयको प्रतिलिपी

क्लवको छापः

निवेदककोः-
नाम थरः.................................
पदः........................................
दस्तखतः................................

अनुसूची-५

युवाक्लव दर्ता गरि दिने प्रमाण-पत्रको ढाँचा ऐनको परिच्छेद-३, दफा ६ को उपदफा (१०) सँग सम्बन्धित

युवाक्लव दर्ता प्रमाण-पत्रको ढाँचा

| स्थानीय सरकारको निशान छाप सहितको लोगो | स्थानीय सरकार<br>पचालझरना गाउँ कार्यपालिकाको कार्यालय<br>**स्थानीय युवा परिषद्**<br>पडेक्षा, कालीकोट | स्थानीय युवा परिषद्को लोगो |
|---|---|---|

# प्रमाण-पत्र

युवाक्लव दर्ता गराई पाउँ भनि...............................................................(संस्थाको नाम र ठेगाना) ले मिति .........................मा दिएको निवेदन उपर कारवाही हुँदा परिषद्को मिति

.............................. को निर्णायानुसार त्यस युवाक्लवलाई स्थानीय युवा परिषद् ऐन २०८० को परिच्छेद-३, दफा ६ को उपदफा (१०) बमोजिम परिषद्को कार्यालयमा दर्ता गरि यो प्रमाण-पत्र प्रदान गरिएको छ।

१.दर्ता नम्बरः...........

२.दर्ता कायम रहने अवधिः यो दर्ताको नविकरण गराएको अवस्थामा बाहेक मिति.......................................

सम्म कायम रहने छ।

प्रमाण-पत्र प्रदान गर्ने अधिकारीकोः

नाम थरः..............................

पदः....................................

परिषद्को छापः

मितिः...................................

दस्तखतः.............................

**युवाक्लव दर्ता गरि दिने प्रमाण-पत्रको ढाँचा ऐनको परिच्छेद-३, दफा ६ को उपदफा (१०) सँग सम्बन्धित**

युवाक्लव दर्ता प्रमाणपत्रको पछडीपट्टि नविकरण सम्बन्धी विवरण

| क्र.सं. | नविकरण गर्ने कर्मचारीको नामथर | दर्जा | दस्तखत | प्रमाण-पत्र प्रदान गरिएको मिति | अवधि |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

युवा क्लबको छाप

युवा परिषद्को छापः